फोन: ०६१-५०६४००

# मादी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

भुमाकोडाँडा, कास्की

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०७९/०८०
चलानी नं.: १११६

मिति : २०८०/०१/१५

विषय : आर्थिक वर्ष २०८०/०८१ बजेट सीमा तथा मार्गदर्शन पठाईएको सम्बन्धमा ।

श्री १ र ८ नं वडा कार्यालय
मादी गाउँपालिका, कास्की ।

आगामी आर्थिक वर्ष २०८०/०८१ को लागि बजेट तर्जुमा सम्बन्धमा बस्ती तथा वडा तहका योजना छनौट र प्राथमिकीकरण गरी पेश गर्नको लागि योजना तर्जुमा सम्बन्धी मार्गदशन र त्यस वडाले प्राप्त गर्ने बजेटको अनुमानित विवरण गाउँ कार्यपालिकाको मिति २०८०/०१/१४ को निर्णयानुसार उपलब्ध गराईएको व्यहोरा अनुरोध छ ।

| | |
|---|---|
| समानिकरण अनुदानबाट प्राप्त बजेट रु. | ३५,००,०००/- |
| राजश्व बाँडफाँडबाद प्राप्त बजेट रु. | २०,००,०००/- |

गोपिकृष्ण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

फोन: ०६१-५०६४००

# मादी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

धुमाकोडाँडा, कास्की
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०७९/०८०
चलानी नं.: १३१६

मिति : २०८०/०१/१५

विषय : आर्थिक वर्ष २०८०/०८१ बजेट सीमा तथा मार्गदर्शन पठाईएको सम्बन्धमा ।

श्री २, ३, ४, ५, ६, ७, १०, ११ र १२ नं वडा कार्यालय
मादी गाउँपालिका, कास्की ।

आगामी आर्थिक वर्ष २०८०/०८१ को लागि बजेट तर्जुमा सम्बन्धमा बस्ती तथा वडा तहका योजना छनौट र प्राथमिकीकरण गरी पेश गर्नको लागि योजना तर्जुमा सम्बन्धी मार्गदशन र त्यस वडाले प्राप्त गर्ने बजेटको अनुमानित विवरण गाउँ कार्यपालिकाको मिति २०८०/०१/१४ को निर्णयानुसार उपलव्ध गराईएको व्यहोरा अनुरोध छ ।

| | |
|---|---|
| **समानिकरण अनुदानबाट प्राप्त बजेट रु.** | ३०,००,०००/- |
| **राजश्व बाँडफाँडबाट प्राप्त बजेट रु.** | २०,००,०००/- |

गोपिकृष्ण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

फोन: ०६१-५०६४००

# मादी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

दुर्गापोखरा, कास्की

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०७९/०८०

चलानी नं.: १६१६

मिति : २०८०/०१/१५

विषय : आर्थिक वर्ष २०८०/०८१ बजेट सीमा तथा मार्गदर्शन पठाईएको सम्बन्धमा ।

श्री ९ नं वडा कार्यालय
माडी गाउँपालिका, कास्की ।

आगामी आर्थिक वर्ष २०८०/०८१ को लागि बजेट तर्जुमा सम्बन्धमा बस्ती तथा वडा तहका योजना छनौट र प्राथमिकीकरण गरी पेश गर्नको लागि योजना तर्जुमा सम्बन्धी मार्गदशन र त्यस वडाले प्राप्त गर्ने बजेटको अनुमानित बिवरण गाउँ कार्यपालिकाको मिति २०८०/०१/१४ को निर्णयानुसार उपलब्ध गराईएको व्यहोरा अनुरोध छ ।

| | |
|---|---|
| समानिकरण अनुदानबाट प्राप्त बजेट रु. | ३३,००,०००/- |
| राजश्व बाँडफाँडबाट प्राप्त बजेट रु. | २०,००,०००/- |

.............................
गोपिकृष्ण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

मादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुमाकोडाँडा, कास्की
गण्डकी प्रदेश, नेपाल

## आर्थिक वर्ष २०८०/०८१ को बजेट सीमा तथा मार्गदर्शन

आगामी आ.व. २०८०/०८१ को लागि बजेट तर्जुमा सम्बन्धमा वस्ती तथा वडा तहका योजना छनौट तथा प्राथमिकीकरण, विषय क्षेत्रगत योजना तथा कार्यक्रमको प्रथामिकीकरण गरी पेश गर्नको लागि देहाय बमोजिम हुने गरी बजेट सीमा तथा मार्गदर्शन तोकिएको व्यहोरा अनुरोध छ । साथै वडा अनुसारको बजेट सिलिङ यसै साथ संलग्न गरिएको छ ।

**क. बजेट तर्जुमाका प्राथमिकता र मार्गदर्शन :**

१. स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ६ दफा २४ को उपदफा ३ बमोजिम देहायका विषयहरु :

- आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,
- रोजगारी र आम्दानीमा वृद्धि भई जनताको जीवनस्तरमा वृद्धि हुने ,
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
- स्थानीय स्रोत, साधन, सीपको अधिकतम प्रयोग हुने,
- स्थानीय वासिन्दाहरुको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
- महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
- लैङ्गिक समानता र समाजिक समावेशीकरण अभिवृद्धि हुने,
- दीगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धनमा सघाउ पुऱ्याउने,
- भाषिक तथा सास्कृतिक पक्षको जर्गेना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने

२. गाउँपालिकाको दोस्रो आवधिक विकास योजनाको **"प्राकृतिक र सांस्कृतिक क्षेत्रको दिगो विकास मार्फत उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्दै गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा रोजगारी प्रवद्र्धन गरी समृद्ध पालिका निर्माण"** सम्बन्धी दीर्घकालीन लक्ष्य हासिलसंग तादम्यता हुनेगरी अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन विकास योजनाहरु कार्यान्वियन गर्नको निर्धारिण भएका देहायका प्राथमिकताका क्षेत्रहरु :

- कृषिको आधुनिकीकरण र व्यवस्थित पशुपालन
- बहुआयामिक पर्यटन विकास
- भौतिक पूर्वाधार विकास (सडक, सिंचाई, भवन, पर्यटन पूर्वाधार, आवास तथा बस्ती विकास)
- जलश्रोत विकास
- सामाजिक विकास (शिक्षा, स्वास्थ्य र खानेपानी, लैकि समानता, सामाजिक सुरक्षा)
- संस्थागत क्षमता विकास र सुशासन
- प्राकृतिक वातावरण संरक्षण र विपद् व्यवस्थापन

३. नेपाल सरकार तथा प्रदेश सरकारको नीति, लक्ष्य, उदेश्य, समयसीमा र प्रकृयासँग अनुकूलन हुने गरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिर्वतन अनुकूलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित विषयहरु,

४ . नेपाल सरकारबाट प्राप्त देहाय बमोजिमका प्रथामिकताका विषयहरु :

४.१. नेपालको संविधानको अनुसूचीहरुमा उल्लेखित आधारभूत जिम्मेवारीमा रहने कार्य, स्थानीय सरकार संचालन ऐन, २०७४, एवम् नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतीकरण प्रतिवेदन बमोजिमका कार्यका लागि स्थानीय तहबाट सम्पादन गर्नुपर्ने देहायका कार्य

- आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी कार्य,

- आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी कार्य,
- कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी, पशु स्वास्थ्य सम्वन्धी कार्य,
- कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियमन सम्बन्धी कार्य,
- स्थानीय खानेपानी सम्बन्धी नीति, योजना, कार्यन्वयन र नियमन एवम् खानेपानी सेवा व्यवस्थापन सम्बन्धी कार्य,
- स्थानीय तटबन्ध, नदी नियन्त्रण, तथा नदी व्यवस्थापन सम्बन्धी कार्य
- सामुदायिक भू-संक्षण, स्थानीय पहिरो नियन्त्रण र व्यवस्थापन सम्बन्धी कार्य,
- खेलकुद विकास र प्रवर्द्धन सम्बन्धी कार्य,
- स्थानीय यातायात व्यवस्थापन सम्बन्धी कार्य,

४.२.साविकमा संघीय सरकारवाट सञ्चालन हुँदै आएका तर हाल स्थानीय तहमा हस्तान्तरण भएका कार्यक्रम तथा आयोजनाहरुलाई निरन्तरता दिनुपर्ने ।

४.३.स्थानीय तहले बहन गर्नुपर्ने अनिवार्य दायित्व र सामाजिक एवम् आर्थिक दृष्टिले कमजोर तथा तुलनात्मक रुपमा विकासको मूल प्रवाहमा पछिपरेका वर्ग वा समूहको उत्थान एवम् मूलप्रवाहीकरणमा योगदान पुर्‍याउने आयोजना/ कार्यक्रमहरु ।

४.४.समपुरक अनुदान, सशर्त अनुदान एवम् अन्य लगानी मार्फत संचालन हुने कार्यक्रम/आयोजनासँग दोहोरो नपर्ने गरी उपयोग गर्नुपर्ने ।

४.५.एउटै आयोजनालाई स्वरुप परिर्वतन गरी विभिन्न खण्डमा विभाजन नगर्ने र टुक्रे आयोजनाहरुको रुपमा विभिन्न अनुदानमा समावेश नगर्ने/नगराउने ।

**ख. बस्ती तहका योजना छनौट गर्दा निम्नानुसार गर्नु पर्नेछ :**

१.वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यहरुलाई विभिन्न बस्ती, टोलको योजना तर्जुमा गर्न सहजीकरण गर्ने गरी जिम्मेवारी प्रदान गर्नुपर्नेछ ।

२.प्रत्येक वडाले वडा भित्रका बस्तीहरुमा योजना तर्जुमाको लागि बैठक हुने दिन मिति र समय कम्तिमा तीन दिन अगावै सार्वजनिक सूचना मार्फत जानकारी गराउने ।

३.बस्तीहरुका योजना छनौट गर्दा सो बस्ती भित्रका सवै वर्ग र समुदाय (महिला, दलित, आदिवासी जनजाति, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, युवा बालबालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, पिछडिएको वर्ग आदि) को प्रतिनिधित्व सुनिश्चित गर्नु पर्नेछ ।

४.टोल, बस्तीमा हुने योजना तर्जुमा प्रकृयामा टोल, बस्ती भित्रका क्रियाशील सामुदायिक संस्थाहरु (टोल विकास संस्था, आमा समुह, वाल क्लव/संजाल, युवा क्लव, विभिन्न सरकारी कार्यालयबाट गठन भएका समुह जस्ता समुहरु) लाई पनि सहभागी गराउनुपर्ने छ ।

माथि उल्लेख भए बमोजिमका सरोकारवालाहरुको आधिकारीक सहभागिता हुने गरी सदस्यको संयोजनमा निर्धारित समय मिति र स्थानमा उपस्थित भई योजना छनौटको सम्बन्धमा अन्तक्रिया, छलफल, विमर्श गरी योजनाहरुको छनौट गर्नुपर्ने छ । यसरी छनौट भएका योजनाहरुको सूची लिखित रुपमा वडा समितिमा पठाउनुपर्ने छ ।

मादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कास्की, गण्डकी प्रदेश, नेपाल

**ग. वडा तहका योजना छनौट गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :**

- कार्यपालिकाबाट प्राप्त बजेट सीमा र मार्गदर्शनको आधारमा सम्वन्धित वडाहरुले बस्ती टोलबाट प्राप्त योजना तथा कार्यक्रमहरु मध्येबाट वडाको लागि प्राप्त बजेट सीमाको अधिनमा रही योजनाहरुको छनौट र प्राथमिकता निर्धारण समेत गरी स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शनको अनुसूची—४ बमोजिमको ढाँचामा बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्नेछ ।
- बस्ती टोलबाट योजनामा माग गर्दा वडा स्तरका महत्वपुर्ण योजनाहरु छुट भएको अवस्थामा वडा समितिले त्यस्ता योजनाहरु वडा समितिको बजेट सीमा भित्र रही औचित्यताको आधारमा समावेश गर्न सक्नेछ । वडाको बजेट सीमा भित्र कार्यान्वयन हुन नसक्ने गाउँपालिका स्तरीय महत्वपुर्ण आयोजनाहरु भएमा वडा समितिले गाउँपालिकामा छुट्टै सूची पठाउन सक्नेछ ।
- वडा समितिले योजनाहरुको प्राथामिकीकरण गर्दा प्राप्त सिलिङ्गबाट कम्तिमा दुईवटा योजना ३० प्रतिशत लागत साझेदारीमा संचालन गर्ने गरी प्राथमिकीकरण गर्नु पर्नेछ ।
- सुपथ मुल्यको पसल संचालन तथा बस्तीस्तरमा कृषि नर्सरी स्थापना सम्बन्धी योजना तथा कार्यक्रम प्राथमिकीकरण गर्नुपर्नेछ ।
- वडा अन्तर्गत सार्वजनिक यातायातका साधन संचालन हुने सडकको मर्मत सुधार तथा लेन्थवर्कर व्यवस्थापन सम्बन्धी योजना तथा कार्यक्रम ।
- खानेपानी महशुल तथा विघूत महशुल छुट सम्बन्धी कार्यक्रम ।
- साना र टुक्रे योजनाहरुलाई निरुत्साहित गरी ठूला र प्रतिफल दिने खालका योजनाहरु प्राथमिकीकरण गर्नु पर्नेछ ।

**घ. वडागत रुपमा योजना तथा कार्यक्रमहरुको प्राथामिकीकरण निम्नानुसार गर्नुपर्ने छ**

१. चालु तथा पूँजीगत तर्फका योजना तथा कार्यक्रमहरु :

<u>पूँजीगत तर्फ :</u>

पूर्वाधार मर्मत निर्माण गर्ने योजनाहरु, सडक, सिंचाई, खानेपानी, विद्यालय, सामुदायिक भवन, मन्दिर, गुम्वा, प्रतिक्षालय, आमासमूह भवन, सार्वजानिक शौचालय, सूचना प्रविधि विकास, आदि लक्षित कार्यक्रम (विषयगत सहित )

<u>चालु कार्यक्रम तर्फ :</u>

क. तालिम, सीप, क्षमता विकास गरी आयआर्जन तथा जीवन स्तरमा सुधार ल्याउने कार्यक्रमहरु

ख. साझेदारीमा संचालन हुने कार्यक्रमहरु

२. गाउँपालिकाबाट संचालन हुने ठूला योजनाहरु : बढीमा ३ वटा

३. संघीय सरकारमा सिफारिस गर्ने योजनाहरु : बढीमा ३ वटा

४. प्रदेश सरकारमा सिफारिस गर्ने योजनाहरु : ३ वटा

माथि उल्लेखित २ देखि ४ सम्म उल्लेखित योजनाहरु गाउँपालिकाको योजना बैंकमा समावेश गरिने छ ।

**ङ. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ मा गैरसरकारी संघ सस्था, उपभोक्ता समिति र अन्य संघ** संस्थाहरुले कार्यक्रम संचालन गर्दा स्थानीय तहको समन्वयमा रही कार्य गर्नुपर्ने व्यवस्था रहेको र यस पालिकाभित्र कार्यक्रम संचालन गर्दै आइरहेका संघ संस्थाहरुले कार्यक्रम संचालन गर्दा दोहोरो नपर्ने गरी गर्नुपर्ने, सो को लागि वडा तहबाट नै आवश्यक समन्वय गरी कार्यक्रम माग गर्ने ।

मादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश, नेपाल

**च. वडा कार्यालयबाट योजना तथा कार्यक्रमको प्राथमिकीकरण गर्दा निम्नानुसारका क्षेत्रगत विषय छुट्याई अलग-अलग गर्नुपर्ने :—**

क. आर्थिक विकासतर्फ पर्ने क्षेत्रहरु : कृषि, पर्यटन, उद्योग तथा वाणिज्य , सहकारी, वित्तीय आदि क्षेत्र,

ख. सामाजिक विकासतर्फ पर्ने क्षेत्रहरु : शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रर्वद्धन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण (महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति आदि ) जस्ता क्षेत्र ।

ग. पूर्वाधार विकासतर्फ पर्ने क्षेत्रहरु : सडक तथा पुल, (झोलुङ्गे पुल समेत), सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविधुत, संचार क्षेत्र ।

घ. वन वातावरण तथा विपद् व्यवस्थापनतर्फ पर्ने क्षेत्रहरु : वन तथा भू—संरक्षण, जलाधार संरक्षण, जलवायु परिर्वतन, फोहोर मैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन, वारुण यन्त्र सञ्चालन आदि क्षेत्र ।

ङ. सुशासन तथा संस्थागत विकासतर्फ पर्ने क्षेत्रहरु : मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजश्व परिचालन, वित्तीय व्यवस्थापन, वित्तीय जोखिम न्यूनीकरण, सार्वजानिक सुनुवाई, सामाजिक परीक्षण, आन्तरिक र अन्तिम लेखा परीक्षण, बेरुजु फछ्र्यौट, सेवा प्रवाह मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्यूतीय सूचना प्रविधिको प्रयोग, नागरिक सन्तुष्टि सर्वेक्षण, अन्तर निकाय समन्वय जस्ता क्षेत्र ।

मादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कास्की
गण्डकी प्रदेश, नेपाल

अनुसूची-४

(दिग्दर्शनको दफा ५.४ संग सम्बन्धित)

**मादी गाउँपालिका** **वडा नं. ...............**

आयोजनाको प्राथमिकीकरण सूची, २०८०/०८१

(क) निर्धारित वडागत बजेट सीमा भित्रका आयोजनाको लागि

| प्रथमिकता क्र.स. | आयोजनाको नाम | आयोजना संचालन हुने स्थान | अनुमानित लागत | कार्यान्वयन विधि | लाभान्वित जनसंख्या | आवधिक योजनाका रणनीतिसंग सम्वन्धित |
|---|---|---|---|---|---|---|
| आर्थिक विकास | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| सामाजिक विकास | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| पूर्वाधार विकास | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| वन वातावरण तथा विपद् व्यवस्थापन | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| सुशासन तथा संस्थागत विकास | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

(ख) गाउँपालिका स्तरीय ( गाउँपालिका गौरभका आयोजना, वहुवर्षीय आयोजनाहरु र दुई वा सो भन्दा वढी वडामा पर्ने आयोजनाहरु)

| प्रथमिकता क्र.स. | आयोजनाको नाम | आयोजना संचालन हुने स्थान | अनुमानित लागत | कार्यान्वयन विधि | लाभान्वित जनसंख्या | आवधिक योजनाका रणनीतिसंग सम्वन्धित |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |